नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ मङ्सिर २२ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोलम्बो प्लानको नवौं महासचिव पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माको उम्मेदवारी मनोनयन गर्न स्वीकृति दिने। |
| २ | अर्थ मन्त्रालय | नेपाल र मौरिससबिच सम्पन्न दोहोरो करमुक्ति तथा वित्तीय छल निरोधसम्बन्धी सम्झौता अन्त्य गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सिँचाइ व्यवस्थापन कम्पनी लिमिटेडको संस्थापना गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई स्वीकृति दिने। |
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, न्याय समूहका चारजना सहसचिवहरूको सरुवा गर्ने। |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ को लागि कृषकले उत्पादन गरेको उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रु. ६२०।- निर्धारण गर्ने र उखु कृषकलाई अनुदान रकम प्रति क्वीन्टल रु. ७०/- कायम गर्ने। |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०८२ मङ्सिर २९ र पुस १ गते भुटानको थिम्पुमा आयोजना हुने 3rd Science, Policy, and Finance Dialogue for Regional Air Quality Management in the Indo-Gangetic Plain and Himalayan Foothills (IGP-HF) विषयक कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दीपक कुमार खराललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ७ | गृह मन्त्रालय | यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेशहरू कार्यान्वयन सम्बन्धमा श्री दिपक सुवेदीको अध्यक्षतामा श्री शरद अधिकारी र श्री योगेन्द्र नाथ कर्माचार्य सदस्य रहेको जाँचबुझ आयोग गठन गर्ने। |
| ८ | गृह मन्त्रालय | २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनको क्रममा आगलागीमा परी मृत्यु भएका पत्रकार स्व. सुरेश रजकलाई राज्यकोतर्फबाट सहिद घोषणा गर्ने। |
| ९ | गृह मन्त्रालय | संवत् २०८२ साल भदौ २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने। |



CamScanner

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| ११ | युवा तथा खेलकुद मन्त्रालय | सन् १९७३ मा फिलिपिन्सको मनिलामा आयोजना भएको पहिलो एसियाली एथलेटिक्स च्याम्पियनसिपमा कास्य पदक हासिल गरी नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाउने पूर्व म्याराथुन धावक एवं ओलम्पियन श्री जीत बहादुर के.सी. लाई सम्मान स्वरूप नगद २५ लाख रुपियाँ प्रदान गर्ने। |
| १२ | रक्षा मन्त्रालय | नेपाली सेनाका तीन जना महासेनानीहरूको सरूवा गर्ने, एक जना सहायक रथीको पदावधि थप गर्ने र एक जना सहायक रथीको उपरथीमा विशेष बढुवा गर्ने। |
| १३ | सङ्घीय मामिला तथा सामान्य प्राशासन मन्त्रालय | महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| १४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने। |
| १५ | सहरी विकास मन्त्रालय | मेहेलकुना-खटाङ्ग-घुमखहरे त्रिकोणात्मक झोलुङ्गे पुल आयोजना, सुर्खेतलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना तोक्ने। |
| १६ | १० जिल्ला (ईलाम, कास्की, चितवन, झापा, तेह्रथुम, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), पर्वत, मोरङ र सुनसरी) का ९४,५२७ गरिब परिवारको सूची स्वीकृत गर्ने। | |
| १७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। | |
| १८ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा सहसचिव श्री राजेन्द्रकुमार पौडेललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |



CamScanner